# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः थाहा नगरपालिका-८ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेलः bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-१३ ● २०७८ असोज २५ गते सोमबार, ● 11 Oct. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



शुभ विजया दशमी, दीपावली तथा छठपर्व २०७८ को पावन अवसरमा हाम्रा पाठक, विज्ञापनदाता, पत्रकार तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं ।

विकास खबरपत्रिका साप्ताहिक परिवार


# लोपहुँदै 'पिङ'

विकास संवाददाता
थाहानगर

पिङ नेपालीहरूले दशैंको बेलामा बनाउने र खेल्ने गर्छन् । पिङलाई नेपाली बृहत् शब्दकोशमा- रूखका हाँगामा वा चारतिर चारवटा बाँस गाडी तिनका टुप्पामा बाँधिएका गरालामा डोरी झुन्ड्याएर झुलेर वा मच्चाएर खेल्ने साधन' भनेर लेखिएको छ । नेपालका गाउँघरमा हवाइजहाज बन्नुभन्दा पहिले र अझै पनि हवाईजहाज चढ्न नसक्नेहरूले वर्षमा एकपटक भए पनि दशैंमा टीका लगाएपछि पिङ खेलेर जमिन छाड्नुपर्छ भन्ने चलन छ । शब्दकोषमा पिङको अर्थ लिङ्गेपिङसँग जोडेर राखिएको भए पनि हाम्रो गाउँघरमा धेरै पहिलेदेखि परम्परागतरूपमा राटेपिङ र जाँतपिङ पनि प्रचलनमा थियो । थाहा नगरपालिकामा रोटेपिङ र जाँतेपिङ अनुभवीहरूका लागि सम्झनामा मात्र सीमित भएको छ भने नयाँ पिँढीका लागि किंवदन्तीजस्तै बनेको छ ।

यसवर्ष बडा दशैं मनाउँदै गर्दा पिङको रौनकता के छ भनी थाहा टाइम्सले थाहा नगरका केही स्थानहरूमा स्थलगत अवलोकन गरेको थियो । सो क्रममा यसअघि पिङ हालिने गरेको कतिपय स्थानमा यसवर्ष पिङ देखिएन । पहिले पिङ हाल्ने गरेको कतिपय स्थान त अहिले मासिसकेका रहेछन् । सीमित मात्रामा हालिएको पिङमा पनि रौनकता थिएन । केही स्थानमा पिङका लागि बाँसको लिङ्गा ल्याएर राखिए पनि पिङ भने बनाइएको थिएन ।

**विकास खबरपत्रिका**ले गरेको स्थलगत अवलोकन र ज्येष्ठ नागरिकहरूसँगको छलफलबाट अहिले थाहानगरबाट जाँते पिङ र रोटे पिङ लोप नै भएको पाइएको छ । थाहा नगरपालिका वडा नम्बर ३ का देवराज उप्रेतीका अनुसार ९ वर्षअघिको दशैंमा बागेखोलामा तीनै थरी पिङ हालिएको थियो । सो वर्ष स्थानीय सामुदायिक वन, समुदाय र युवाहरूको सक्रियतामा



*नौ वर्ष अघि थाहा नगरपालिका-३ बागेखोलामा हालिएको रोटेपिङ* । फाइल फोटोः विकास खबरपत्रिका

जाँते पिङ, रोटे पिङ र लिङ्गे पिङ हालिएको भए पनि त्यसयता जाँते र रोटे पिङ हालिएको छैन । 'सम्भवतः सो पिङ नै थाहानगरको अन्तिम रोटे पिङ हुनसक्छ' उप्रेती भन्छन् ।

थाहा नगरपालिकाको ३ नम्बर डाँडागाउँमा विगतमा हरेक वर्ष जाँतेपिङ हाल्ने गरिए पनि पछिल्ला वर्षहरूमा हाल्न छाडिएको स्थानीय केदार विष्ट बताउँछन् । 'हालको ३ नम्बर वडाको पारी डाँडागाउँमा रोटेपिङ र वारी मर्किनडाँडामा लिङ्गेपिङ हुँदा दशैंको रौनकता नै गज्जब हुन्थ्यो, अहिले त दुबै ठाउँमा पिङ देखिँदैन,' स्थानीयहरू बताउँछन् । एकैपटक धेरै जना बसेर खेल्न मिल्ने भएकोले रोटेपिङ भएको स्थानमा पहिलेपहिले मेला नै लाग्ने गर्दथ्यो । लिङ्गे पिङमा चचहुई चचहुई गर्दै लिङ्गाको टुप्पो छुने होडबाजी पर्दथ्यो भने त्यसमा 'जुहारी' खेल्ने प्रचलनले अझै रौनकता थप्ने गर्दथ्यो ।

थाहानगरमा मात्र होइन, कैलाश गाउँपालिकामा पनि पिङ हराउँदै गएको छ । 'कैलाशको पकनी, डाँडाखर्क लगायतका क्षेत्रमा दशैंमा पिङ जात्रा नै लाग्ने गरेको थियो, अहिले पिङ देख्नै मुश्किल छ ' कैलाशका रत्नबहादुर गोले भन्छन् ।


# चार गाउँको दशै सऱ्यो !

◆ विकास संवाददता

मकवानपुर थाहा नगरपालिका चित्लाङका चार गाँउका गोपाली तथा गमाल समुहदायले यसवर्षको दशै एकसाता पछि सारेका छन् । ऐतिहासिक जातीका रूपमा रहेका गोपाली र गमालहरूले परम्परागत चम्पाकेश्वर महादेवको जात्रा लाग्ने दिन कार्तिक संक्रान्तिभन्दा अघि दशै परेकोले महान पर्व दशै पछि सारेका हुन् । उनीहरूले आगामी कात्तिक ४ गते मात्र दशै मनाउने भएका छन् । यद्यपि यसवर्ष भने ३ गते कोज्रागत पूर्णिमा परेकोले ३ गते नै मनाउने विषयमा छलफल भएको चम्पाकेश्वर क्षेत्र विकास समितिका सदस्य क्षेत्र कर्ण गोपालीले जानकारी दिए ।

कार्तिक संक्रान्तिदेखि वरको पाँचौ औं दिन महानवमी परेकोले दशै पछि सरेको गोपाली समुदायका थकाली ९४ वर्षिय आरसिंह गोपालीले बताए । आठ दिनअघि गोपाली समुदायको परम्परागत जात्राका लागि 'आँग' अर्थात प्रसादका लागि जाँड राख्ने दिन हो । 'कार्तिक संक्रान्तिको आठ दिन अघि महानवमी नपरेको भए दशैं माथ्यौं'-जात्राका गुरू श्याम बहादुर गोपालीले बताए ।

यसपाली अब चित्लाङको गोपालीको बसोबास रहेको न्हुँलगाँउ र टौखेल तथा गमालको बसोबास रहेको कलाँटु र तल्लो बिसिङ्खेलबासीले दशै सारेको सदस्य कर्ण गोपालीले जानकारी दिए । चित्लाङका गोपाली र गमाल समुदायले साविक चलन अनुसार कार्तिक ४ गते दशैंको टीका लगाउने गोपालीले बताए । 'अब परम्परा अनुसार कार्तिक १ गते चम्पाकेश्वर जात्रा मनाएर २ गते सगोलमा राँगा काट्ने, ३ गते बोकाको बली सहित कुल पुजा गरेर ४ गते टीका लगाउँछौ', गोपालीले भने-'हाम्रो समुदायमा जात्रा सकेर सकेसम्म दशैभित्रै टिका लगाउने चलन छ त्यसैले ३ गते कोजाग्रत पूर्णिमा परेकोले सोही दिन दशैको टिका लगाउँछौं ।'



*थाहा-१० मा रहेको न्हुँलगाँउ । यहाँ अधिकांश गोपाली समुदायको बसोबास रहेको छ ।*

कार्तिक संक्रान्तीका दिन गोपाली समुदायका गुठीयारहरूले 'आँग' अर्थात चार घेम्पो जाँड ल्याउने प्रचलन छ । कीरा परिसकेको उक्त जाँड र 'कक बजी' अर्थात एक पटक मात्र कुटेको चिउरा प्रसादको रूपमा खाने गरिन्छ । उक्त प्रसाद खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास छ ।

### *यस्तो छ, किम्वदन्ती*

धार्मीक ग्रन्थ रामायणको पात्र वाणासुरको कथासंग चम्पाकेश्वर महादेवको उत्पत्तिको प्रसंग जोडिएकोले चम्पाकेश्वर महादेवको उत्पत्ति आदि कालमै भएको दाबी छ । गोपाली जातीको बहुल्यता

... बाँकी पेज ५ मा

# थाहामा शिक्षाका कर्मचारीको तलब बढ्यो

◆ विकास संवाददता

संघीय सरकारको निर्णय पुरै कार्यान्वयन गर्न नसके पनि थाहा नगरपालिकाले पनि शिक्षा क्षेत्रका कर्मचारीहरूको तलब आंशिक रूपले वृद्धि गरेको छ ।

संघीय सरकारले लेखापाल, प्रारम्भिक बालविकास केन्द्र (इसीडी) का शिक्षक र कार्यालय सहयोगीको तलब स्थानीय सरकारले समेत वृद्धि गरि १५ हजार पुऱ्याउने बजेट भाषणमै सम्बोधन गरेको थियो तर थाहा नगरपालिकाले श्रोत नभएको जनाउदै तलब वृद्धि गर्न नसकेको जनाउदै आएकोमा गत साउनदेखि नै लागू हुने गरि आंशिक तलब वृद्धि गरेको छ ।

यसअघि लेखापालको तलब ११ हजार ५ सय रहेकोमा संघीय सरकारले २ हजार वृद्धि गरि स्थानीय सरकारले १५ सय वृद्धि गरि १५ हजार पुऱ्याउने कुरा उल्लेख थियो । यसैगरी इसीडी कर्मचारीहरूले अब १२ हजार र कार्यालय सहयोगीले १० हजार पाउने थाहा नगर शिक्षा संयोजक शशीधर सुवेदीले बताए । कार्यालय सहयोगी र इसीडीका शिक्षिकाहरूलाई नपुग तलबका लागि संघीय सरकारसङ्ग अनुरोध गर्ने सुबेदीले बताए ।

मागलाई ढिलै भएपनि संबोधन गरेका छौं, अपुग तलब संघीय सरकारसङ्ग अनुरोध गर्नेछौं ।" सुबैदीले भने ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# • सम्पादकीय •

## दशैंको शुभकामना

महान पर्व दशैं घरआँगनमा भित्रिसकेको छ । घटस्थापना गरेपछि दशै शुरु भएको मानिन्छ । हिन्दू धर्मावलम्बीहरुको महत्वपूर्ण चाड हो दशैं । पछिल्लो समयमा दशैंलाई धार्मिकसँगै सांस्कृतिक पर्वको रुपमा मनाउने प्रचलन बढेको छ । जसले गर्दा धर्मप्रति विश्वास नहुने वा अन्य धर्म मान्ने समुदायले पनि दशैं पर्व मनाउने गरेका छन् । मानिसहरु दैनिकदिनको काममा व्यस्त हुन थालेपछि सामाजिक सम्पर्क र भेटघाट पातलिँदै गएको छ । त्यसो त परिवारहरु पनि संयुक्तबाट एकल बन्दै गएका छन् । विभिन्न ठाउँमा रहेका परिवारजन एक ठाउँमा भेला हुने अवसरको रुपमा चाडपर्वलाई लिने गरिन्छ र त्यसमा पनि दशैं तिहार नै मुख्य पर्वको रुपमा स्थापित छन् । दशैं तिहारजस्ता पर्वहरु पारिवारिक सम्मिलन र सामाजिक सद्भावको पर्वको रुपमा स्थापित हुँदै गएका छन् । जसले पारिवारिक र सामाजिक सौहार्दताका साथ सहयोग पुगिरहेको छ । दशैं तिहारजस्ता चाडपर्व आउनु नेपालीका लागि उमंगको अवसर हो । तर, गत वर्ष कोरोना संक्रमणका कारण नेपालीले चाहेजस्तो उत्साहपूर्वक यो पर्व मनाउन पाएनन् । यो वर्ष धेरैले कोरोनाविरुद्धको खोप लगाएको र संक्रमण दर न्यून हुँदै गएकाले धेरै नेपालीहरु कर्मथलोबाट जन्मथलोमा फर्कन थालिसकेका छन् । अझै पनि कोरोना संक्रमण पूरै नियन्त्रणमा नआइसकेकाले सावधानी अपनाउँदै दशैं तिहारजस्ता पर्वहरु मनाउनुपर्ने स्थिति भने विद्यमान छ ।

दशैं तिहार नेपालका मौलिक संस्कृति हुन् तर चाडपर्व मनाउने शैलीका कारण विकृति पनि बढ्दै गएको छ । चाडपर्वमा गच्छेअनुसार खर्च गर्नु अस्वाभाविक मानिदैन किनकि अर्थतन्त्र चलायमान गराउने यो अवसर पनि हो तर अरुलाई देखाउन ऋणधन गरेरै भए पनि धेरै खर्च गर्नुपर्छ भन्ने मान्यता विकृतिकै रुपमा देखापर्न थालेको छ । यसमा ध्यान दिनैपर्छ । कुनै पनि चाडपर्वको बेलामा केही निश्चित क्षेत्रमा सरकारले बढी ध्यान दिनु जरुरी हुन्छ भने आम नागरिक पनि सचेत हुनु आवश्यक हुन्छ । यो बेलामा सबैभन्दा बढी ध्यान दिने क्षेत्र सार्वजनिक यातायातको सुरक्षा हो । दशैं आउनै लाग्दा हिजो मात्रै कास्कीमा ठूलो दुर्घटना भएको छ । सुरक्षित यात्राका लागि यात्रु आफैले, यातायात ब्यवसायी र प्रहरी प्रशासनले ध्यान दिनुपर्छ । यस्तै शान्ति सुरक्षाको सवाल होला, अन्य विकृति विसंगतिका सवाल होलान्, सबैतिर ध्यान दिनु जरुरी छ । चाडपर्वको बेलामा बढ्नसक्ने चोरी डकैतीका घटना रोक्न पनि हरेक नागरिक नै जागरुक हुन आवश्यक छ । मानिसको भीडभाड र चहलपहल बढ्दा अपराधको दायरा पनि बढ्ने गर्दछ । चाडपर्वको बेलामा मानिसले अलि बढी आफूमा खुलापनको महसुस गर्ने भएकाले पनि मानवीय क्रियाकलाप बढी स्वच्छन्दतामा आधारित हुन्छन् । जुवातास र जाँडरक्सीको अत्यधिक प्रयोग पछिल्लो समयमा चाडपर्वका विशेषताजस्ता बन्न पुगेका छन् । यी गतिविधिले एकातिर सामाजिक विकृतिलाई बढावा दिने खतरा रहन्छ भने अर्कोतिर शान्ति सुरक्षाका लागि पनि चुनौती सिर्जना हुनसक्छ ।

दशैं तिहारमा अलि लामो विदा हुने र धेरै नागरिक गाउँ फर्कदा थोरै समय भए पनि आफू जन्मेको ठाउँका लागि केही काम गर्न योजना बनाउने अवसर प्राप्त हुन्छ । टुक्रिएका वा छुट्टिएका परिवारहरु मिल्ने, विभिन्न क्षेत्र र पेशामा क्रियाशील समाजका सदस्यहरु एक ठाउँमा बसेर पारिवारिक वा सामाजिक सहकार्यका लागि योजना बनाउने अवसर प्राप्त हुन्छ । त्यसैले पनि यस्ता ठूला चाडपर्वलाई जतिसक्दो पारिवारिक र सामाजिक पुनर्मिलन तथा सहकार्यका योजना बनाउने अवसरमा बदल्न सक्दा फाइदा नै हुन्छ । विकृति विसंगति न्यून गर्दै सकारात्मक पक्षमा बृद्धि गरेर चाडपर्व मनाऔं, दशैंको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# स्थानीय तहको शासन र प्रशासनबीचको अन्तरसम्बन्ध



उदय मैनाली

संघीय गणतन्त्र नेपालको गठन र कार्यान्वयन सँगसँगै देश नयाँ संरचनामा प्रवेश गरेको यथार्थ जग जायर नै छ । देशमा तीन तहको सरकार छ र यसको परिकल्पना तथा संचालनका सम्बन्धमा् नेपालको प्रचलित संविधानले स्पष्ट व्यवस्था गरेको छ । तीन तहको शासन व्यवस्थामा राज्य शक्तिको प्रयोग ३ स अर्थात समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा गरिने भनेर उल्लेख छ । यी ३ तहमध्ये वर्तमान परिप्रेक्षमा स्थानीय तहको शासन संचालनमा देखिएको पैठाजोरीको सम्बन्ध र त्यसले ल्याएका विविध समस्याबाट अधिकाँश स्थानीय तहमा हलचल ल्याएको छ ।

शासन संचालनार्थ राजनीतिज्ञहरूको आवश्यकता पर्छ भने प्रशासन संचालनार्थ योग्य र कुशल प्रशासकको जरूरत हुन्छ । राजनीतिज्ञहरू लोकतान्त्रिक विधिबाट नागरिकद्धार निर्वाचित भएर शासन संचालन गर्दछन् भने प्रशासन संयन्त्र योग्यता प्रणाली मार्फत नियुक्त भएर आएका हुन्छन् । राजनीतिज्ञले राजनीतिक सिद्धान्त, मुल्यमान्यता र संस्कार बमोजिम कार्य गर्दछन् भने प्रशासकले पूर्व निर्धारित मुल्यमान्यता र संस्कृतिका आधारमा कार्यसम्पादन गर्दछन् । जिम्मेवारी र कार्यसम्पादनका हिसाबले यी दुई पक्ष अलग देखिए तापनि दुवै बिचको सहिष्णु सम्बन्ध र रचनात्मक अन्तरक्रियाबाट मात्र सुशासन र असल शासनको अनुभूति जनताले गर्न पाउँदछन् ।

आर्थिक वर्षको अन्त्यमा देखिने बजेट तर्जुमाका समस्या हरेक वर्ष झैं यसपाली पनि स्थानीय तहमा व्यापक देखापरे । जसले गर्दा फेरी पनि विभिन्न पालिकाहरूमा मतभेद, द्धन्द्ध र कलहले स्थान पाएको यत्रतत्र सर्वत्र आलोचनाको विषय बनेको छ । मुलतः यस्ता समस्या आउनुमा जनप्रतिनिधिहरूको हठ र अदुरदर्शिता साथै विपक्षी वर्गको अस्वस्थ र अपरिपक्व विरोधले काम गरेको छ । तथापी यस्ता समस्यामा स्थानीय शासन संचालनमा महत्वपूर्ण भूमिका खेल्ने प्रशासन समेत जोडिएर आउने क्रम दिनानुदिन बढ्दो छ ।

शिर्षकका दुई पक्षबिचको अन्तर सम्बन्धका मामलामा विभिन्न आधारले हेर्नुपर्ने हुन्छ ।

### १. सैद्धान्तिक आधार :

शासन संचालक र प्रशासनकाबिचको अन्तरसम्बन्धका सवालमा प्रकाश पार्न धेरै मान्यताहरूको विकास भएका छन् । विल्सनको अर्थोडक्स डिक्टाटोमी मान्यतामा राजनीति र प्रशासन दुई अलग विषय हुन् र यिनीहरूलाई अलग रूपमा हेर्न दुवै विच स्पष्ट सिमा रेखा हुनुपर्दछ । सक्षम र योग्य प्रशासक राजनीतिक रूपमा तटस्थ तर राजनीतिज्ञको अधिनस्थ हुनुपर्दछ । र उनिहरूको भूमिका र जिम्मेवारी स्पष्ट रूपमा भिन्न हुनुपर्दछ भनेका छन् । प्रसिद्ध समाजशाष्त्री तथा राजनीतिशाष्त्री म्याक्स वेबरका विचारमा राजनीतिज्ञले नीति बनाउने र प्रशासन संयन्त्रले सफल रूपमा उक्त नीतिको कार्यान्वयन गनुपर्दछ ।

अर्कोतर्फ मोन्टाजाँइ र वाटसन अनुसार, डिक्टोमी राजनीति र प्रशासनबिचमा विल्सन र वेबरको मान्यता लागू हुन सक्छ तर नीति र प्रशासनमा होइन भन्छन् । उनीहरू प्रशासन संयन्त्र नीति कार्यान्वयन बाहेक नीति निर्माणको सवालमा पनि सक्रिय रूपमा संलग्न हुनुपर्दछ भन्दछन् । यो मान्यता परिमार्जित डिक्टोटोमी मोडेलको हो । यस मोडेलमा प्रशासनले सक्रिय रूपमा नीति निर्माणमा भाग लिन पाउने तर राजनीतिज्ञले नीति कार्यान्वयनबाट अलग रहनुपर्ने धारणा राख्दछ ।

> वास्तव मै नीति बनाउने र कार्यान्वयन गर्ने दुवै उतिकै जिम्मेवार हुनुपर्दछ । यी दूई पक्ष लोकतान्त्रिक प्रणालीमा अलग कर्ताहरु भएतापनि यिनीहरुको अन्तरसम्बन्ध परिपूरक रहेको हुन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष होस् शासन प्रक्रियामा यिनीहरुको अन्तरक्रिया र पारस्परिक परिपूरकता सुमधुर रहेमा मात्र सुशासन कायम हुने देखिन्छ ।

त्यस्तै अर्को मान्यता साझेदारीको मान्यता रहेको छ । जसानुसार राजनीति र प्रशासनको सम्बन्ध अर्थोडक्स डिक्टोटेमी र परिमार्जित डिक्टोटोमी मोडेलभन्दा भिन्न छ । नीति निर्माण र कार्यान्वयनमा दुवै पक्षको पुरक भूमिका हुनुपर्दछ भन्ने धारणा साझेदारी मान्यताको रहेको छ । राजनीतिज्ञ र प्रशासक एक आपसमा जोडिएका हुन्छन् र राजनीति र प्रशासनलाई कडाईका साथ छुट्याउनु अनुत्पादक हुन्छ ।

वास्तव मै नीति बनाउने र कार्यान्वयन गर्ने दुवै उत्तिकै जिम्मेवार हुनुपर्दछ । यी दूई पक्ष लोकतान्त्रिक प्रणालीमा अलग कर्ताहरू भएतापनि यिनीहरूको अन्तरसम्बन्ध परिपूरक र हेको हुन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष होस् शासन प्रक्रियामा यिनीहरूको अन्तरक्रिया र पारस्परिक परिपूरकता सुमधुर रहेमा मात्र सुशासन कायम हुने देखिन्छ ।

### २. नेपालको सन्दर्भमा :-

वि.सं. २०५४ सालको निर्वाचित स्थानीय जनप्रतिनिधिको कार्यकाल समाप्त भएपछि स्थानीय तहको सरकार गठन हुन करिब १५ बर्ष लाग्यो । जसले गर्दा १५ वर्षसम्म नेपालमा स्थानीय शासनमा जनप्रतिनिधि नहुँदा स्थानीय शासन र विकासका सबै गतिविधिहरू प्रशासक कै काँधमा आयो । तसर्थ, यस समयावधिमा राजनीतिज्ञ र प्रशासकका बिच परस्पर सम्बन्ध, निर्भरता र द्धन्द्धका मामलाहरू देखिएनन् । जब वि.सं. २०७४ सालमा तीन चरणमा स्थानीय निर्वाचन सम्पन्न भयो अनी ७५३ वटा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र प्रशासकहरूको आगमन भयो । तत्पश्चात नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा व्यवस्था भएका क्षेत्रहरूमा र ाज्य शक्तिको प्रयोग गर्न फेरी राजनीतिज्ञ र प्रशासन एक आपसमा निर्भर र समन्वय गर्न थाले र बिस्तारै स्थानीय तहमा मुद्दा मामलाहरू देखा पर्न थालेका छन् ।

स्थानीय तह र प्रशासनबिच रहेको नङ मासुको सम्बन्धलाई स्थिर र सन्तुलित बनाई राख्नु पर्ने जिम्मेवारीबाट कतिपय स्थानीय तह चुकेको हुनाले आजको माहोलको सिर्जना भएको हो । सहकार्य, समन्वय र सहअस्तित्व बिनाको स्थानीय तहले प्रभावकारी र जनचाहना बमोजिमको कार्यसम्पादन गर्न सक्दैन भन्ने हेक्का नराखिनुले नेपालको सन्दर्भमा जनमुखी शासन व्यवस्था संकट परेको हो ।

राजनीतिज्ञले प्रशासन संयन्त्र प्रति सम्मान र जिम्मेवारीबोध गर्न नसक्नु, कर्मचारीतन्त्रले राजनीतिक शक्तिको बर्खिलाप जानुले जनताले शास्ती पाएकै छन् । तसर्थ यिनीहरूबिचको विश्वास र एक अर्काप्रतिको धारणाले नै स्थानीय शासनको बागडोर सही ढङ्गले अगाडी बढ्छ, अन्यथा जनताको विश्वास यस व्यवस्थामाथि बाट उठ्ने र व्यवस्था नै धरापमा पर्ने सम्भावना रहन्छ ।

हाम्रा स्थानीय तहहरू अझै जनमूखी र जिम्मेवार नबन्नुमा राजनीतिज्ञ र प्रशासनले एकअर्का प्रति राखेको धारणा नै प्रमुख कारण हो । प्रशासक भनेको बिशेषज्ञ हो, किनकी उनीहरू प्रशासनिक योग्यता प्रणालीबाट नियुक्त भएका हुनछन् । धेरै जसो प्रशासक सार्वजनिक चासो र जनताको भावना बारे कम चिन्तीत हुने र वृत्ति विकासमा बढी केन्द्रित भएको राजनीतज्ञहरूको ठम्याई छ । यसको विपरित प्रशासकहरू राजनीतिज्ञले कानूनी प्रक्रिया र प्रशासनिक जटिलता नबुझ्दा विकासका कार्यक्रमहरू रातारात गर्न खोजेको धारणा राख्दछन् । राजनीतिज्ञहरूले प्रशासनका सिमा र जटिलतालाई ध्यान नदिई कार्यसम्पादन गर्ने गरेको आरोप लगाउँछन् । तसर्थ यस्ता धारणा र आरोप प्रत्यारोप स्थिर र समन्वयकारी नभईन्जेल संघीयताको मोडेल अन्तर्गतको स्थानीय शासन व्यवस्था गतिशिल र प्रभावकारी हुने प्रायः असम्भव रहेको छ ।

(लेखक मैनाली स्थानीय तह कर्मचारी हकहित मन्च नेपालका केन्द्रिय सदस्य हुन् ।)

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# चुरोट पिउनेलाईमात्र होइन साथमा बस्नेलाई पनि गम्भीर असर गर्छः डा. बम




हामीलाई धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ र यसले मान्छेको फोक्सोमा असर गर्छ भन्ने धेरैले सिकाउने गर्छन् । तर चुरोट खानेको छउछाउ समेत पर्नुहुँदैन भनेर कसैले पनि सिकाउँदैन । सार्वजनिक स्थानमा चुरोट तान्न कानुनी रूपमा प्रतिबन्ध छ, तर यो नियम पनि पूर्ण रूपमा पालना हुँदैन । कोही मान्छे आफू चुरोट खाँदैन तर चुरोट खानेबेलामा अरूसँगै हुन्छ भने ऊ आफैँमा जोखिममा हुने गरेको चिकित्सकहरू बताउँछन् ।

चुरोट खाने मान्छेमा चुरोटमा हुने निकोटिनले सिधै फोक्सोमा असर गर्छ । तर चुरोट नखाने भए पनि चुरोट खानेसँगै बस्ने मान्छेहरूमा यसले बिस्तारै उस्तै खाले असरहरू गर्दै जाने गरेको विभिन्न अध्ययनहरूले देखाएको छ ।

दक्षिणी न्युजिल्याण्डको डिपार्टमेन्ट अफ पब्लिक हेल्थ, वेलिङ्टन स्कुल अफ मेडिसिनले सन् २००१ मा गरेको अध्ययनले प्रतिवर्ष ३४७ जनाको मृत्यु चुरोट नखाने तर चुरोट खानेसँग नजिक बसेका कारणले भएको पाइएको छ । रिपोर्टमा यो पनि लेखिएको छ कि यदि उनीहरूमध्ये ३२५ जनाको मृत्यु चुरोटको छेउमा मात्रै नबसेको भए पनि रोकिन सक्ने उल्लेख गरिएको छ ।

त्यस्तै, २०१४ मा अमेरिकामा भएको एक अध्ययनअनुसार घर तथा कार्यालयमा अर्काले खाएको चुरोटका कारण २५–३० प्रतिशतमा मुटुको रोग हुने सम्भावना देखाएको थियो ।

त्यसको ठीक ३ वर्षपछि सन् २०१७ सालमा अमेरिकाको डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्भिसले गरेको अध्ययन अनुसार प्यासिभ स्मोकिङको कारणले वार्षिक ८००० भन्दा धेरैको ज्यान जाने गरेको देखाएको छ । त्यस्तै, सोही अध्ययनले वार्षिक ७३०० जनामा भने फोक्सोको क्यान्सरका कारण मृत्यु भएको देखाएको छ, मृत्युहरू जुन चुरोट नपिउनेहरू थिए ।

२०५२ सालदेखि २०६१ सालसम्म राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको निर्देशक बनिसकेका डा. दीर्घसिंह बम प्यासिभ स्मोकिङले पनि मान्छेमा गम्भीर समस्या निम्त्याउने बताउँछन् । अर्को व्यक्तिले तानेको चुरोटले दोस्रो व्यक्तिलाई असर गर्छ भने त्यसलाई प्यासिभ स्मोकिङ भनिन्छ ।

कुनै पनि मान्छेले चुरोट तान्दा उसलाई जति असर हुन्छ, त्यसको ५० प्रतिशत असर एउटै कोठामा बसेका अरूलाई पर्ने बम बताउँछन् । जस्तो समस्या चुरोट पिउनेमा हुन्छ, त्यस्तै समस्या चुरोट तान्ने व्यक्तिको नजिक बस्नेलाई पनि हुन्छ, कुरा यत्ति हो कि चुरोट पिउनेलाई सिधा असर पर्छ, सँगै बस्नेलाई बिस्तारै यसको असर देखिन्छ ।

बम भन्छन् 'म चुरोट खाँदिन भनेर मात्रै पनि हुँदैन, चुरोट खानेको साथमा बस्नेलाई पनि उत्तिकै असर पर्छ । त्यसैले म चुरोट खान्न भन्ने मात्रै होइन कि मेरो छेउमा चुरोट खान दिन्न समेत भन्न सक्नुपर्छ ।'

### चुरोट खानेमा देखिने समस्याहरू

चुरोट खानेको फोक्सोमा धुवाँले असर गर्छ । जसले खोकी लाग्ने, दम, ब्रोङ्काइटिस, रोस, चार्कोलेसिस जस्ता समस्या हुन सक्छ । शरीरमा निकोटिनको मात्रा बढी हुँदा दम तथा क्यान्सरको समस्या हुन सक्छ । अत्यधिक चुरोटले इम्युनिटी पावर कम हुन्छ । साथै, छातीसँग सम्बन्धित विभिन्न रोग पनि लाग्छ ।

त्यस्तै, चुरोट खाएको मान्छेसँगै बस्नेहरूको रगतमा हुने प्लाटेलेट्सलाई च्यापच्याप लाग्ने बनाइदिन्छ । यसले रक्तनलीको भित्री भित्तालाई कमजोर बनाइदिन्छ । यसले रगतको प्रवाहलाई सुस्त बनाइदिने, मुटुको धड्कन सुस्त बनाउने जस्ता समस्या हुन्छ । धेरै समय चुरोटको धुवाँ नजिक बस्ने मान्छेमा निमोनिया, घाउहरू लाग्दा ढिलो निको हुने, नपुंसकता जस्तो समस्याहरू देखिन सक्छ ।

### चुरोट खान छाडेकामा कस्तो जोखिम ?

जुन मान्छेले पहिले नियमित चुरोट पिउँथ्यो तर अहिले खान छाडेको छ, उसमा फोक्सोको जोखिम कति हुन्छ ? डा. बम भन्छन् 'पहिले खाने गरेको थियो भने यसले जोखिम बढाउँछ । छोटो समय मात्रै चुरोट खाने गरेको हो भने त्यस्तो समस्या नरहन सक्छ । तर सानोमा धेरै समय खाने गरेको हो भने जोखिम उस्तै रहन्छ । खाने, छाड्ने, खाने छाड्ने गर्ने हो भने यसले झनै फोक्सोमा जोखिम बढाउँछ ।'

### मास्क लगाउने चलनले फोक्सोको सुरक्षा कति भएको छ ?

कोरोना महामारीका कारण मास्क लगाउने चलन बढेको छ । यसले कोरोनालाई मात्रै होइन, धुलो धुवाँ पनि कम भएको छ । यस्तो अवस्थामा फोक्सोका बिरामी घटेका छन् त ? बम भन्छन् 'मास्कले धुलो धुवाँ रोक्दा यसले अवश्यै पनि फोक्सोमा समस्या कम गराउँछ । कोरोना नियन्त्रणको लागि भनेर मास्क लगाउने चलनले पनि मान्छेको फोक्सोको सुरक्षामा भने धेरै सहयोग पुगेको छ ।'

# कब्जियत र तौल घटाउनका लागि तातोपानी लाभदायक

शरीर स्वस्थ राख्न र हाइड्रेड राख्न सबैलाई पर्याप्त मात्रामा पानी पिउन सुझाव दिइने गरिन्छ । केही मानिसलाई मनतातो पानी मनपर्छ भने कसै–कसैलाई बिलकुल चिसो पानी मनमर्छ । केही विज्ञहरूलेले चिसो पानी पिउनुको सट्टा तातोपानी पिउँदा शरीरलाई धेरै फाइदा पुग्ने बताएका छन् ।

### किन फाइदाजनक तातोपानी ?

स्वास्थ्य विशेषज्ञका अनुसार कुनै पनि किसिमको तापमानमा पानी पिउनु समग्र स्वास्थ्यका लागि राम्रो मानिन्छ । तर, तातो पानी पिउनाले केही अतिरिक्त स्वास्थ्यलाई फाइदा मिल्न जान्छ । यद्यपी यो विषयमा अत्यन्त कम मात्रै अनुसन्धान भएको छ ।

विहान उठेपछि मनतातो पानी पिउनु स्वास्थ्यका लागि लाभदायक मानिन्छ । तातो पानीको अर्थ ५४ तथा ७१ डिग्री बीचको तापमान हो । धेरै तातो पानीले हाम्रो शरीरमा नोक्सानी समेत हुनसक्छ ।

### बन्द नाकको समस्यामा फाइदा

तातो पानीले बाष्प बन्छ । तातो पानीबाट निस्कने वाष्प निक्लने भएकाले यसले नाक बन्द भई श्वास फेर्न गाह्रो हुँदा वा साइनसको लक्षण पनि ठीक गर्न सहयोग मिल्छ ।

२००८ मा गरिएको एक अध्ययनका अनुसार तातोपानीले सिंगान आइरहने नाक, खोकी, घाँटी र थकानबाट राहात मिल्छ । घाँटीलाई सफा राख्न सहयोग गर्छ । पेट ठीक राख्नमा सहयोगी हुनेछ ।

### रक्त प्रवाहमा सुधार

विशेषज्ञहरू तातोपानीलाई वासोडिलेटर मान्छन् । यसको अर्थ हो यसले रक्त वाहिकालाई विस्तार गर्छ । जसबाट रक्त परिसंरचणमा सुधार आउँछ । यसका अलावा मांशपेशीलाई आराम दिन र दुखाइ कम गर्न पनि तातोपानी सहयोगी हुन्छ ।

### तौल कम गर्न सहयोगी

वजन कम गर्ने उद्देश्यले वर्षौदेखि मानिस तातोपानी पिउँदै आएका छन् । अनुसन्धानले पनि धेरै पानी पिउनाले वजन कम गर्ने देखाएको छ । २००३ मा प्रकाशित एक अध्ययनका अनुसार तातो पानी पिउनाले वजन कम हुने देखाएको वैज्ञानिकहरूले बताएका छन् ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# 'अनियमित महिनावारीले मुटु रोगको जोखिम बढाउँछ ?

धेरैजसो महिलाहरूलाई महिनावारी घडीको कामजस्तै हुन जान्छ । यो राम्रो हुनुको संकेत पनि हो । यद्यपी धेरैमा महिनावारी अनियमि हुन्छ ।अनियमित महिनावारीले केही आशंका बढाउँछ । यस किसिमका जोखिममा पोलिसिस्टिक क्रिस्ट ओभरी सिन्ड्रोम (पीसीओएस) तनाव र प्रजनन स्वास्थ्य रहेका छन् । अनियमित महिनावारीले शरीरका विभिन्न काममा महत्वपूर्ण र ठूलै क्षति ल्याउन सक्छ ।

चिकित्सकका अनुसार महिनावारीले मुटुको स्वास्थ्यमा असर पार्छ ।

### *के ले गर्दा अनियमित महिनावारी ठूलो खतरा हो ?*

अनियमित महिनावारी केही सानातिना कारणले गर्दा हुन्छ । पीसीओएस अनियमित महिनावारीमा लैजाने सबैभन्दा ठूलो कारण हुन जान्छ । गर्भाधानको उमेर मा ८ महिला मध्ये एकमा पीसीओएस एक किसिमको महामारीकै रूपमा देखा पर्न थालेको छ । पछिल्ला वर्षहरूमा धेरै भन्दा धेरै यस किसमका घटनाहरू देखा पर्दै आएका छन् ।

### पीसीओएस, अनियमित महिनावारी र मुटुको स्वास्थ्य, के छ सम्बन्ध ?

पीसीओएस एक किसिमको विशेषता हो यो धेरै महिलामा अनियमित महिनावारीको रूपमा देखा परेको छ । समस्याग्रस्त महिनावारी हर्मनमा आएको समस्याका कारण हुन जान्छ । यसले पछि गएर मेटाबोलिकमा पनि फरक ल्याउन सक्छ । यसमा इन्सुलिनको अवरोध लगायतका विषयहरू पनि छन् । शरीरमा पुरूष हर्मन बढी हुन पुग्छ ।

पीसीओएस भएका महिलामा मुटुको समस्या यो समस्या नभएका महिलाको तुलनामा २८ प्रतिशतले विकास हुने देखाएको छ ।

# सस्कृति र परमपरा सबैको साझा पर्व–शाक्य



◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले सस्कृति र परमपरा सबैको साझा पर्ब रहेको बताएकी छिन् । नेकपा एमाले मकवानपुरको आयोजनामा विजया दशमी, शुभदिपावली, नेपाल सम्वत तथा छट पर्वका अवसरमा आयोजना गरेको शुभकामना तथा चियापान कार्यक्रममा बोल्दे उनले आउँदै गरेका चाडपर्व राष्ट्रिय पर्व रहेको बताइन् ।

हाम्रा संस्कृतिका धरोहरहरूलाई बलियो वनाउनुपर्ने उहाँले वताउनुभयो । विभेदरहित नेपाल निर्माणमा लाग्नका लागि उनले आग्रह गरिन् । संस्कृति र परमपरा भनेको कुनै समुदायले भन्दा पनि सबैले साझा पर्वको रूपमा मनाउनुपर्ने बताइन् ।

कार्यक्रममा बागमती प्रदेशका मन्त्रीहरू, मकवानपुरबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेशका सांसदहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, बिभीन्न राजनीतिक दलका प्रतिनिधिहरू लगायतकाको सहभागिता रहेको थियो । एमाले मकवानपुरका अध्यक्ष बद्री लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा एमाले मकवानपुरका सचिब एकालाल श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए ।

# मकवानपुरका छ स्थानीय तहको नदिजन्य पदार्थको मौज्दात प्रमाणित

◆ विकास संवाददाता



नदिजन्य तथा खानिजन्य जिल्ला अनुगमन समिति मकवानपुरले जिल्लाका ६ वटा स्थानीय तहहरूको ढुंगा, टीट्टी, बालुवाको मौज्दात प्रमाणित गरेको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख एवम् अनुगमन समितिका संयोजक रघुनाथ खुलालको अध्यक्षतामा बसेको समितिको बैठकले जिल्लाका ६ वटा स्थानीय तहको ढुंगा, टीट्टी, बालुवाको मौज्दात प्रमाणित गरेको हो ।

बैठकले प्रविधिक समिति तथा सिफारिस उपसमितिबाट सिफारिस भई आएको स्थानीय तहले घाटगद्दी गरि राखेको परिमाण र विभिन्न बालुवा तथा क्रसर उद्योगहरूको मौज्दात प्रमाणिकरण गरेको प्रमुख खुलालले जानकारी दिए । उनका अनुसार प्रविधिक समिति तथा सिफारिस उपसमितिबाट सिफारिस भई आएका जिल्लाको हेटौंडा उपमहानगरपालिका, भीमफेदी, मनहरी, मकवानपुरगढी, राक्सिराङ र बकैया गाउँपलिकाको मौज्दात प्रमाणित गरेको हो । यस्तै बैठकले आर्थिक वर्ष २०७७/०७८ र २०७६/७७ को स्रोत नखुलेको जरिवाना योग्य (ओभरस्टकिङ्) नदिजन्य परिमाणहरूको हकमा जफत गरी आवश्यक जरिवाना गर्न स्थानीय तहलाई निर्देशन समेत गरेको छ । साथै त्यसरी जफत तथा जरिवाना गरिएको विवरण (उद्योगको नाम र परिमाण) सहितको जानकारी अनुगमन समितिलाई लिखित रुपमा पठाउन निर्देशन समेत गरिएको उनले जानकारी दिए ।

त्यस्तै बैठकले हालका लागि मौज्दात प्रमाणिकरण भएका उद्योगहरूको मात्र बिक्रि वितरण खुला गर्ने निर्णय गर्नुका साथै मौज्दात प्रमाणिकरण गर्न बाकी र हेका उद्योगहरूले स्थानीय तह मार्फत खरिद तथा विक्रि विवरण सहित मौज्दातको विवरण शिघ्र पेश गर्न निर्देशन गर्ने निर्णय गरेको प्रमुख खुलालले जानकारी दिए ।

बैठकमा हेटौंडा उपमहानगर पालिकाका मेयर हरिबहादुर महत, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाई, मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती, बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनाल, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, कैलाश गाउँपालिकाका उपाध्यक्ष सुकुमाया थिङ, डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख ईमनाथ पौड्याल, डिभिजन वन कार्यालय मनहरीका प्रमुख दिर्घनारायण कोईराला, समन्वय अधिकारी आनन्दराज पोखरेल, शाखा अधिकृत भीमलाल महर्जनलगायतको सहभागिता थियो ।

# महासंघको शुभकामना कार्यक्रम



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले मकवानपुरका पत्रकारको संस्थागत बिकाशका लागि स्थानीय सरकारले सहयोग गर्ने बताएका छन् । नेपाल पत्रकार महासंघ मकवानपुर साखाको आयोजनामा बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छटपर्बको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उहाँले पत्रकारको क्षमता बिकासका लागि सहयोग गरिने बताए ।

मकवानपुरका एक सय ६४ जना पत्रकारको पाँच लाख रूपैयाँका दरले दुर्घटना बिमा गर्नका लागि कार्यपालिकाबाट निर्णय गरिसकिएको र पत्रकार पेन्सन कोषमा पनि दश लाख रूपैयाँ सहयोग गर्ने निर्णय भइसकेको उनले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रूपेश दुलाल, महासचिब कृष्ण सारू मगर, पत्रकार महासंघ मकवानपुरका पूर्व अध्यक्षहरू नबराज शर्मा, कौषल पाण्डे, प्रताप विष्ट, राममणि दाहाल, भानुभक्त आचार्य, निवर्तमान अध्यक्ष हरि हुमागाई लगायतकाको आतिथ्यता रहेको थियो । पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष ध्रुब अधिकारीले स्वागत गरेका थिए ।

# हेटौंडामा दशैअघि नै वृद्धाभत्ता

◆ विकास संवाददाता

हेटौंडाका बृद्धबृद्धाहरूलाई दशैअघिनै सामाजिक सुरक्षा भत्ता लिन पाउनेगरी आज बैकमा पठाइएको छ । हेटौंडा उपमहानगरपालिकाले यहाँका बृद्धबृद्धाहरूलाई दशैअघिनै भत्ता वितरण गर्नका लागि रकम बैकमा पठाइएको मेयर हरि बहादुर महतले बताए । चालु आर्थिक वर्षको असार, साउन र भदौ महिनाको सामाजिक सुरक्षा भत्ता पठाइएको उनले बताए ।

दशै मान्नका लागि समस्या भोग्नुपर्ने बृद्धबृद्धाहरू, एकल महिलाहरूलाई सहज भएको छ । हेटौंडाका ११ हजार ५ सय ६८ जनालाई ११ करोड २६ लाख ५१ हजार १ सय ७७ रूपैयाँ बैक दाखिला गरिएको मेयर महतले वताउनुभयो । उपमहानगरपालिकाले बैकमा बृद्धभत्ता दाखिला गरेपनि बैकहरूले भने कहिले वितरण गर्ने भन्ने टुङ्गो लागिसकेको छैन । दशैको समयमा बैकमा धेरै चाप हुने भएकाले समस्या हुने गर्दै आएको छ ।

# गाई काटेको आरोपितलाई धरौटीमा रिहा गर्न आदेश




◆ विकास संवाददाता

मकवानपुरको बकैयामा गाई काटेको आरोपमा पक्राउ परेका १० जनालाई जिल्ला अदालत मकवानपुरले धरौटिमा छोड्न आदेश दिएको छ ।

न्यायाधीश कमलराज विष्टको इजालशले पक्राउ परेका १० जनामा ९ जनालाई जनही ४० हजार धरौटिमा छोड्न आदेश दिएको हो । त्यसैगरि पक्राउ १० जना मध्ये एक बालक रहेका र उनलाई अविभावकको जिम्मा लगाईएको जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिए । मकवानपुर प्रहरी गएको असोज ३ गते बकैया-११ को स्वबिमा गाई काटेको आरोपमा घटनास्थलबाट ५० केजी गाईको मासु सहित १० जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरूमा बकैया-११ कालिदमार बस्ने ३८ वर्षीय जनक बहादुर लो,सोहि स्थानका ३५ वर्षीय राज लो,४० वर्षीय रबिन्द्र लो,सिमाटार बस्ने ४५ वर्षीय राज कुमार घलान,४८ वर्षीय प्रलाद भक्त न्यासुर,च्याउ च्याउ बस्ने १९ वर्षीय सोमार भोलन,५० वर्षीया सन्च माया भोलन,१६ वर्षीय सन्देश बिक, ४० वर्षीय सुन बहादुर तामाङ, ३६ वर्षीय फुल माया थिङ रहेका थिए ।



# अबरोधहरूका बावजुद चन्द्रागिरी छिचोल्यौँ, अब पिच गर्छौं : सुभाषचन्द्र ठकुरी



◆ विकास संवाददाता

चित्लाङ-थानकोट जोड्ने ऐतिहासिक मार्ग, स्थानीयहरूको अथक प्रयासपछि मोटर गुडाउन प्रारम्भिक ट्र्याक खुलाएको दशकौँ भइसकेको अवस्था तर बैज्ञानिक सर्वेक्षण र स्तरीकरण हुन नसकेको बिडम्बना । यसबीच २०७० सालको संविधान सभाको निर्वाचनपछि संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीको पहलमा चित्लाङ-थानकोट सडकको विस्तृत परियोजना प्रतिवेदन(डीपीआर) र वातावरणीय प्रभाव मूल्याङ्कन(ईआई) प्रतिवेदन तयार भयो । सडक विभागले यसको लागि छुट्टै आयोजना कार्यालय खोल्यो, टेण्डर खुलायो र विभिन्न खण्डमा विभिन्न चरणमा काम अघि बढायो । सो सडकको पानीघाट चन्द्रागिरी खण्डका लागि ठेक्कामा म्याद थपिर हने, काम नहुने र समस्या ज्यूँका त्यूँ रहने अवस्था भएपछि समस्या समाधानको लागि स्थानीयहरू नै कस्सिए । त्यसको रेखदेखको लागि अगुवा बनाए उनै संविधान सभाका सदस्य ठकुरीलाई ।

ठकुरीको अगुवाइमा पानीघाट चन्द्ागिरी भञ्ज्याङसम्मको ट्र्याक पूरा गर्ने लक्ष्यका साथ काम शुरू गरिएको २३ असोजमा ३८१ दिन पूरा भयो । यो दिनसम्म आइपुग्दा प्राय १० मिटर चौडा सडकमा सरर मोटर गुड्न सकिनेगरी प्रगति भयो । थाहानगरबाट काठमाण्डौं आउजाउ गर्ने नियमित सेवाका सुमोहरूसहित साना गाडीहरू चल्न थाले । यही खुशीयालीमा २३ असोजमा चन्द्रागिरी भञ्ज्याङमा आयोजित एक कार्यक्रममा बोल्दै सडक निर्माणका मुख्य अभियन्ता ठकुरीले भने- 'अबरोधहरूका बावजुद चन्द्रागिरी छिचोल्यौँ, अब स्लाब/पिच, नाली, कलभर्ट केके निर्माण गर्ने हो, त्यो गर्छौं ।'

गत वर्षको ७ असोजमा थानकोटतर्फ २५०० मिटर सडकलाइ 'जिरो प्वाइन्ट' मानेर काम शुरू गरिएको थियो । त्यस दिनदेखि अनवर त खटिएर काम गरेका थिए ठकुरीले । उनको साथमा थिए सडक निर्माण सरोकार समितिका संयोजक प्रदेश साँसद रमा आलेमगर, सदस्यहरू रामशरण नेपाल, सुनिल गुरूङ, बिनोद बस्नेत, दिपक गोपाली र बिजय बस्नेत । अझै साथमा थिए चित्लाङ्का बौद्धिक व्यक्तित्व बुद्धरत्न मानन्धर, राजन बस्नेत, दिलिप बलामी, दिनेश बिडारी, सुदर्शन लामिछाने, राजेन्द्र बस्नेत, परशुराम बस्नेत, रमेश बिडारी, मनोजकृष्ण गमाल, युवराज श्रेष्ठ, दिनेश बिडारी र सयौँ अभियन्ताहरू । 'केही गर्न बाँकी बाहेक' दशैँको मुखमा चित्लाङ-थानकोट सडकको ट्र्याक खुलाएर सरर गाडी चलेको खुशीयालीमा एकप्रकारको उत्सव मनाइरहँदा सभासद ठकुरी सम्झन्छन्- 'कतिपय पहरा फोर्न लाग्दा र ननइन्जिनियरिङ घुम्तीहरू काटिरहँदा १० वर्षमा पनि बाटो बन्दैन भन्थे, तर हामीले एक वर्षभित्र बाटो नै क्लियर गरिदियौँ ।'

गत वर्ष आर्थिक वर्षको शुरूवातमै चित्लाङस्थित रामशरण नेपाल सञ्चालित रिसोर्टको सभाहलमा बागमती प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्री रामेश्वर फुयालको उपस्थितिमा सरोकारवालाहरूको भेला बसेको थियो । सो भेलामा ठेकेदार सनकसिं राई पनि थिए । राईले आफ्नो समस्या राखे । सोही भेलाबाट ठेकेदार को समस्यामा सहजीकरण गर्ने र सडक स्तरीकरणको कामलाई निरन्तरता दिने प्रतिवद्धतासहित सडक निर्माण सरोकार समिति गठन भयो । समितिले सभासद ठकुरी र अग्रज व्यक्तित्व मानन्धरको साथ लियो । र, स्थानीय सरोकारवाला स्वयम् अग्रसर हुने हो भने असम्भवजस्तो देखिने कुरा पनि सम्भव हुन्छ भन्ने प्रमाणित गरेर देखाइदिए ।

यो बीचमा सडक निर्माण सरोकार समितिले थानकोटबाट २५०० मिटरदेखि ८२५० मिटरसम्मको सडकको 'ट्र्याक क्लियर' गरेको हो । यो खण्डको पानीघाट घुम्तीमा रेडियस र ग्रेड मिलाउने कामबाट अघि बढेको समितिले ३१६० मिटर सडकमा मेशिनरी वाल उठाउने, ३४२० मिटर सडकसम्म डाउन गर्ने, ३५८० मिटर सडकसम्म २ मिटर माटो भर्ने, ३७८० मिटरसम्म ढिस्को काट्ने, पहिरो हटाउने, खोल्छीको मोडलाई २५ मिटरको रेडियसमा घुमाउने, लगायतको काम गऱ्यो । त्यस्तै डोजर झरेको मोडमा रक कटिङ गर्नेदेखि कतिपय मोडलाई ३० मिटरसम्म पर धकेलिएको छ भने सेतो पहरालाई समेत छिचोल्न सफल भएको छ । सडक निर्माणका मुख्य अभियन्ता ठकुरीका अनुसार अँधेरी खोल्छामा रक कटिङ गरेर उजेली खोल्छा बनाइएको छ भने ३ वटा अप्ठ्यारा घुम्तीहरूलाई 'क्यान्सिल' गरिएको छ । ठकुरीले थानकोटदेखि चन्द्रागिरीसम्म सडक छिचोल्दा यसलाई सामान्य हिसाबले 'ट्र्याक ओपन' भनिए पनि त्यो भन्दै धेरै गरिएको बताए । उनले ७९०० मिटर सडकमा २२ मिटर अगाडि अर्को मोड बनाएर ढिस्को कटिङ गरेर नमुना प्राकृतिक वालसमेत निर्माण गरिएको जानकारी दिए ।

२३ असोजमा चन्द्रागिरी डाँडामा आयोजित कार्यक्रममा ५०० बढी सहभागीहरूबीच सडक निर्माणका अभियन्ता ठकुरीले अबको दिनमा छाप्रोमाथिको खोल्छीको मोड सुधार गर्नुपर्ने, थुप्रेको माटो फाल्नुपर्ने, डोजर झरेको मोडमा ३ मिटर बाहिर आउनेगरी वाल लगाउनुपर्ने, सबै ठाउँमा १० मिटर हुनेगरी चौडा बनाउनुपर्ने, पश्चिम ६ किलोमिटरको मोडमा ३ मिटर बाहिर वाल लगाउनुपर्ने, अधेरी खोल्छीको बाटो फराकिलो बनाउनुपर्ने, राम्चेको जेड कटिङसम्मको सिङ्गल बाटोलाई डबल बनाउनुपर्ने जस्ता कामहरू बाँकी रहेको सुनाए ।

हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी
२०७८ को पावन अवसरमा यस नगर कार्यपालिकाका सदस्यहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनीधिहरु, विषयगत समितिहरु, संघसंस्था, सहकारी, विद्यालय, राजनीतिक दल, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगर प्रमुखः
लवशेर विष्ट

नगर उपप्रमुखः
खड्ग बहादुर गोपाली

प्रमुख प्रशासकीय अधिकृतः
हरिलाल पुरी

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, परिवार
इन्द्रायणी चौर, मकवानपुर

हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी
को पावन अवसरमा सम्पुर्ण जनप्रतिनीधिहरु, कर्मचारी साथीहरु, राजनीतिकदल, बुद्धिजीवी, संचारकर्मी, संघसंस्थाका प्रतिनीधि तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कार्यालय प्रमुख एवम्
मालपोत कार्यालय शिखरकोट, परिवार
थाहा-४, थानाबजार

## चार गाउँको ... ... ..



रहेको यो क्षेत्रमा नाच र जात्रा चलाउन गुठीको ब्यवस्था गरीएको छ । यस भेगमा पानी नपरेमा पानी माग्न र गाईवस्तुको रक्षाको लागि चम्पाकेश्वर महादेवलाई पुज्ने बताइन्छ । यस मन्दिरमा पुख्यौंली घर पाटन रहेका राजोपाध्याय खलकका पुजारी छन् । प्रत्येक वर्ष जात्रामा विशेष पुजाका लागि महादेवलाई जाँड र एकैपटक कुटीएको चिउरा चढाउनु पर्छ । जसलाई स्थानिय वासिन्दा 'ककः बजी' भन्दछन् ।

सोही दिन बेलुकी काठको लठी ठोकाठोक गरेर टाउकोमा पगरी र पगरीभरि फूल सिउरेर स्थानीय गोपालीहरूले घरबुना खेसका कपडा लगाएर नाच देखाउने चलन रहेको छ । उक्त नाचलाई स्थानिय भाषामा 'ट्वाक प्याखँ' भनिन्छ ।

स्थानिय गोपालवंशी ग्वालाहरूको अत्यन्त श्रद्धाको पर्व चम्पाकेश्वर मेलामा विभिन्न गुठीयारहरूले चार घेम्पो जाँड ल्याउने प्रचलन छ । कीरा परिसकेको उक्त जाँड र 'कक बजी' प्रसादको रूपमा खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास छ ।

किम्बदन्ती अनुसार हालको थानकोटलाई प्राचीन कालमा शोणितपूर भनिन्थ्यो । त्यहा राजा बाणासुर ले राज्य गर्दथे । एक दिन शिकार खेल्न राजपरिवार र सेनाहरू चन्दागिरी जंगल हुदै बिसिङ्खेलको वनमा आइपुगेको स्थानिय बासिन्दा बताउँछन् । उक्त वनको एउटा रूखमा फूलिरहेको चापको फूल राजकुमारीले देखेपछि उनी लोभिएको र उक्त फूल टिपेर ल्याउन अनुरोध गरिएको स्थानिय बुढापाकाहरू बताउँछन् ।

कथाअनुसार फूलको रूखको फेदबाट हेर्दा फूल देखिने र टुप्पोमा पुग्दा हराउने गरेपछि राजालाई साह्रै रिस उठेछ । त्यसपछि कलाँटु गाँउका काठका काम गर्ने ब्यक्तिहरूलाई बोलाएर उक्त रूख काट्न आदेश दिएछन् । रूख काट्दा रगत आएको र एउटा ज्योर्तीलङ्ग पैदा भएपछि कलाँटुका गमालहरूले उक्त ज्योर्तीलङ्ग आफ्नो गाँउमा लगेर राखेछन् । तर त्यो रात गाँउमा कुखुराको भाले नबासेपछि केहि अनिष्ट भयो भन्ठानेर गाँउलेमा चिन्ता बढेछ । क्षमापुजा गरेपछि आकाशवाणी भएर 'सोझा जाती गोपाली बस्ने टौखेलमा मलाई लगेर राख्नु' भनेपछि अझैपनि जात्राको दिन टौखेलबाट शिवलिङ्ग ल्याउने र जात्रा सकिएपछि फिर्ता लैजाने प्रचलन रहेको छ । अहिले पनि चाँपको रूखको ठुटो हालसम्म मन्दिरमै छ ।

# नगर प्रमुख विष्टलाई बालबालिकाको प्रश्न

◆ विकास संवाददाता

थाहा नगरपालिकाका बालबालिकाले नगरका मेयर लवशेर विष्टलाई विभिन्न प्रश्न गरेका छन् । २० असोजमा बालबालिका सहभागी एक कार्यक्रममा प्रमुख अतिथि रहेका मेयर विष्टले बालबालिकाले बालअधिकारसँग सम्बन्धित दर्जन प्रश्न सोधेका हुन् ।

थाहा नगरपालिका महिला बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरण शाखाको आयोजनामा बालअधिकार तथा बाल संरक्षणमा क्षमता अभिवृद्धिसम्बन्धी तीन दिने आवाशीय तालिमका समापन समारोहमा मेयर विष्ट प्रमुख अतिथिको रूपमा उपस्थित थिए ।

समापन कार्यक्रमको शुरूवमा आयोजकले बालबालिकाको तर्फबाट आफ्नो कुरा राख्न समय दिएको थियो । समयको सदुपयोग गर्दै इअन इंगलिश एकेडेमी बज्रवाराहीमा कक्षा १० मा अध्ययनरत अच्युत ज्ञवालीले थाहा नगरपालिकाले खासमा बालबालिकाको लागि के गरिरहेको छ र अब के गर्छ भनी सोधेका थिए । कार्यक्रममा जनकल्याण मावि पालुङकी कक्षा १० मा अध्ययनरत ईश्वरी कार्कीले अहिले पनि थाहा नगरपालिकाका कतिपय बालबालिका विद्यालय जानबाट बञ्चित भइरहेकोमा उनीहरूको अधिकारको लागि नगरपालिकाको योजना केछ भनेर सोधेकी थिइन् ।

त्यस्तै मत्स्य नारायण मावि पालुङकी कक्षा १० की छात्रा पवित्रा गुरूङले थाहा नगरपालिकाले बालबालिकाको लागि विनियोजन गरेको बजेट बालबालिकालाई किन थाहा हुँदैन भनेर प्रश्न गरेकी थिइन् । इअन इंगलिश एकेडेमी बज्रवार ाहीकी एलिसा गोपाली (कक्षा १०) को प्रश्न थियो - हामीले चङ्गा फाउण्डेशनको सहयोगमा सञ्चालित कार्यक्रमार्फत् नगर पालिकालाई ध्यानाकर्षण पत्र बुझाएका थियौं, त्यसको सुनुवाइ किन भएन ?

बालबालिकाको प्रश्न र जिज्ञासा सुनेपछि नगरप्रमुख विष्टले सकेसम्म सबै प्रश्नको जवाफ दिने प्रयास गरेका थिए । सबै प्रश्नका जवाफहरूलाई समेटेर मन्तव्य राखेका मेयर विष्टले नगरमा बालअधिकार प्रत्याभुतिका लागि नगर पालिका प्रतिवद्ध रहेको जनाउँदै आगामी दिनमा थप योजनावद्ध ढंगले अघि बढ्ने बताए । उनले आगामी दिनमा बालबालिकाको लागि योजना निर्माण गर्दा बालबालिकालाई नै सहभागी गराउने र थाहामा बालबालिकाको लागि के कार्यक्रमको लागि कति बजेट विनियोजन भएको छ भन्ने प्रश्न नै उत्पन्न नहुने गरी काम गर्ने प्रतिवद्धता जनाए । उनले चालु आर्थिक वर्षमा अपाङ्गता भएका बालबालिकाको लागि छात्रवृत्ति, किशोरीहरूलाई सीपमुलक तालिम, बाल क्लब गठन र परिचालन, अभिभावकविहिन बालबालिकालाई सहयोग, योजना तर्जुमामा बाल सहभागिता जस्ता कार्यक्रमहरू तय गरेर नगरपालिका अघि बढेको पनि जानकारी गराएका थिए ।

कार्यक्रम थाहा नगरस्तरीय बाल क्लब सञ्जालकी अध्यक्ष खुशी गोपालीको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।

चाडपर्वको नाममा फजुल खर्च नगरौं, चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: मान बहादुर लामा
थाहा नगरपालिका-१२
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: हिरा बहादुर गमाल
थाहा नगरपालिका-१०
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: टिकाराम रम्बा
थाहा नगरपालिका-८
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: शशीधर सुवेदी
थाहा नगरपालिका-६
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: दिपकसिं लामा
थाहा नगरपालिका-४
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: गुप्त बहादुर कार्की
थाहा नगरपालिका-२
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: किरणमान बल
थाहा नगरपालिका-११
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: परशुराम श्रेष्ठ
थाहा नगरपालिका-९
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: सनमसिं मोक्तान
थाहा नगरपालिका-७
वडा कार्यालय परिवार

हार्दिक मंगलमय शुभकामना
शुभ विजया दशमी
को पावन अवसरमा सम्पूर्ण वडाबासीहरु, वडामा क्रियाशील राजनीतिकदल, जनप्रतिनीधिहरु, संघसंस्था, सहकारी, विद्यालय, हामीसंग सहकार्य गर्नुहुने सम्पूर्ण निकायहरु बुद्धिजीवी पत्रकार तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष: विष्णुबहादुर गुरुङ
थाहा नगरपालिका-५
वडा कार्यालय परिवार

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी